**मुख्यमन्त्री माननीय कमल बहादुर शाहज्यूको औपचारिक भारत भ्रमण सम्बन्धी प्रेस नोट**
**(२०७८ वैशाख १६ – २३ गते / २०२५ अप्रिल २९ – मे ६)**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमल बहादुर शाहज्यूको नेतृत्वमा १० सदस्यीय प्रतिनिधि मण्डल भारत सरकारको औपचारिक निमन्त्रणामा वैशाख १६ गते भारतको नयाँ दिल्ली पुगेर प्रारम्भ भएको एक साता लामो औपचारिक भ्रमणले नेपालको संघीय संरचनामा प्रदेशस्तरीय कूटनीतिक संवाद, क्षेत्रीय सहकार्य, ऐतिहासिक, सामाजिक, सांस्कृतिक र दुई देशको जनस्तर सम्बन्धलाई अझ प्रगाढ बनाउन सुखद प्रारम्भ भएको छ। यस सन्दर्भमा भ्रमणका लागि औपचारिक आमन्त्रण गर्नु भएकोमा भारत सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं। साथै कुटनीतिक प्रयास मार्फत यस भ्रमणलाई सफल पार्न महत्त्वपूर्ण सहयोग र मार्ग दर्शन प्रदान गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू तथा माननीय परराष्ट्र मन्त्री आरजु राणा देउवाज्यू प्रति विशेष धन्यवाद आभार प्रकट गर्न चाहन्छौं।

यस किसिमको भ्रमण पहिलो पटक भारत सरकारको औपचारिक निमन्त्रणामा सम्पन्न हुनु आफैँमा ऐतिहासिक घटनाक्रम हो, जसले दुई मुलुक बीचको सम्बन्धलाई नेपाल सरकारको परराष्ट्र नीति अनुरुप प्रदेश-प्रदेश तहमा समेत सम्बन्ध विस्तार गर्न सकिने सम्भावनाको ढोका खोलेको छ। भारतसँग करिब ३०० कि. मि. भन्दा बढी लामो सीमाबाट प्रत्यक्ष जोडिएको सुदूरपश्चिम प्रदेशले यस्तो अवसरलाई सीमावर्ती नागरिकका साझा सरोकार, विद्यमान समस्याहरू, भविष्यमा सहकार्यका सम्भावनाहरूको ढोका खुलेको छ।

भारत भ्रमणका क्रममा प्रतिनिधिमण्डलले भारत सरकारका विदेश राज्यमन्त्री माननीय कीर्तिवर्धन सिंहज्यू, उत्तराखण्ड राज्यका मुख्यमन्त्री माननीय पुष्कर सिंह धामी र उत्तर प्रदेशका मुख्यमन्त्री माननीय योगी आदित्य नाथज्यू, उत्तराखण्ड राज्यपाल माननीय ले. ज. गुरमीत सिंहज्यूसँग शिष्टाचार भेट, उत्तराखण्डका वन मन्त्री, पर्यटन मन्त्री तथा कृषि मन्त्रीज्यूहरू तथा सम्बन्धित राज्य र संघीय तहका प्रमुख संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू सँगको साक्षात्कार, अन्तरक्रिया र अवलोकनका माध्यमबाट आपसी समझदारीको आधार तयार पार्ने प्रयास गर्नुका साथै सुदूरपश्चिम प्रदेशको पहिचान, चुनौती र सम्भावनालाई अन्तर्राष्ट्रिय कूटनीतिका हिसाबले समेत पहिलो पटक संस्थागत रूपमा प्रस्तुत गर्ने अवसर समेत अवसर प्राप्त गर्यो। खासगरी कनेक्टिभिटी, सीमा–सुरक्षा, आप्रवासी नेपालीको हित प्रवर्धन, कृषि एवं धार्मिक–सांस्कृतिक सहकार्य, पर्यटन प्रवर्द्धन, ज्ञान तथा प्रविधिमा सहकार्य र ऊर्जामा सम्भावित लगानी लगायतका विषयमा भएको संवादले यो भ्रमण रणनीतिक र व्यवहारिक रुपमा समेत पूर्ण सफल भएको प्रमाणित गरेको छ। यो

भ्रमण औपचारिक रुपमा कुटनीतिक विनिमय (diplomatic exchange) मा मात्र सीमित नरही भविष्यमा क्षेत्रीय तह (Sub-national Level) मा सहकार्यका लागि ढोंका खुलेको छ।

**मुख्य भेटघाट र कार्यक्रमहरू**

**१. भारत सरकारका विदेश राज्यमन्त्री माननीय कीर्तिवर्धन सिंहज्यूसँग भेटवार्ता**

- नेपालको संघीय संरचना र सुदूरपश्चिम प्रदेशको अवस्थाबारे अवगत गराउँदै सहकार्यको सम्भाव्य क्षेत्रहरूको पहिचान गरिएको थियो।
- प्रदेशस्तरको संयन्त्र मार्फत द्विपक्षीय सम्बन्ध थप सुदृढ गर्न सकिने कुरामा सहमति अभिव्यक्त भयो।
- रोजगार, लगानी, पूर्वाधार, कृषि तथा पर्यटन विकासमा प्रदेशको प्राथमिकता रहेको जानकारी गराइयो।

**२. विवेकानन्द अन्तरराष्ट्रिय फाउन्डेसनमा अन्तरक्रिया कार्यक्रम**

- भारतको थिंक ट्यांक एवं रणनीतिक चिन्तन सम्बन्धी यस संस्थासँग विचार आदानप्रदान, द्विपक्षीय हित, चासोका क्षेत्र र नेपाल-भारत सम्बन्धमा प्रदेशस्तरको भूमिका र सीमा क्षेत्रको व्यवस्थापनबारे गम्भीर छलफल भएको थियो।

**३. National Hydroelectric Power Corporation (NHPC) का पदाधिकारीहरूसँग छलफल**

- पश्चिम सेती, सेती नदी–६ तथा फुकोट कर्णाली परियोजनाबारे प्रगति, चुनौती र सहकार्यका सम्भावना विषयमा संवाद भयो।
- परियोजनाले सुदूरपश्चिमको ऊर्जा, पूर्वाधार र रोजगारीमा पार्ने प्रभावबारे गहन छलफल र चासो व्यक्त गरिएको थियो।

**४. उत्तराखण्ड राज्यका मुख्यमन्त्री माननीय पुष्कर सिंह धामीज्यूसँग भेटवार्ता (देहरादून)**

- दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जोड्ने पुल निर्माण, सीमा पार आपसी व्यापार र आवतजावतको सहजताबारे आग्रह।

- सामाजिक, धार्मिक र सांस्कृतिक सम्बन्धको संरक्षण र कृषि तथा पर्यटन प्रवर्द्धन तथा प्रविधि क्षेत्रमा सहकार्य बारे छलफल।
- प्रदेश-प्रदेश बीच सम्बन्ध स्थापना गर्ने संयन्त्र बारे समेत छलफल भयो।

**५. टिहरी बाँध, उत्तराखण्डको अवलोकन भ्रमण**

- प्रतिनिधिमण्डलले भारतको बहुउद्देश्यीय जलविद्युत् परियोजनाको एक सफल नमुना टिहरी बाँधको स्थलगत अवलोकन गरी परियोजनाको संरचना, कार्यप्रणाली र दीर्घकालीन फाइदाबारे जानकारी लिएको थियो ।
- जलस्रोतको उपयोग, स्थानान्तरण व्यवस्थापन (resettlement), वातावरणीय सुरक्षा उपाय र समग्र क्षेत्रीय विकासमा टिहरी परियोजनाले पुर्‍याएको प्रभावबारे भारतीय अधिकारीहरूले प्राविधिक प्रस्तुति दिए।
- परियोजनाले ऊर्जा उत्पादन, सिँचाइ, खानेपानी र बाढी नियन्त्रणमा पुर्‍याएको योगदान अवलोकन गर्दै यस्ता परियोजनाको पूर्व तयारी, वित्तीय मोडेल तथा जनसहभागिता सम्बन्धमा उपयोगी जानकारी संकलन गरियो।
- सुदूरपश्चिममा सम्भावित ठूला जलविद्युत् तथा बहुउद्देश्यीय परियोजनाहरूको विकासका सन्दर्भमा सिक्न लायक अनुभव र अभ्यासबारे अध्ययन तथा अन्तरक्रिया गरियो।

**६. उत्तराखण्डका वन मन्त्री, पर्यटन मन्त्री तथा कृषि मन्त्रीज्यूहरूसँग छुट्टाछुट्टै छलफल तथा अन्तरक्रिया**

- सम्बन्धित क्षेत्रहरूमा उत्तराखण्डले हासिल गरेका प्रमुख उपलब्धिहरू, नीतिगत सुधारहरू तथा नवीन अभ्यासहरूको जानकारी प्राप्त भएको र सुदूरपश्चिमसँग मिल्दोजुल्दो हावापानी र परिवेशमा यी सबै क्षेत्रमा उत्तराखण्डले अपनाएको बहु–आयामिक दृष्टिकोण, नवीनता र प्राविधिक ज्ञानलाई उपयोग गर्न सकिने देखिएको छ ।
- वन तथा वातावरण संरक्षणमा सामुदायिक सहभागिता, जलवायु अनुकूलन रणनीति र जैविक विविधताको संरक्षण, कृषि क्षेत्रको सन्दर्भमा जैविक उत्पादन, उच्च मूल्यका नगदे बालीहरू, किसान प्रशिक्षण कार्यक्रम सम्बन्धी नीति–कार्यक्रमहरूको आदान–प्रदान, पर्यटन क्षेत्रमा धार्मिक–सांस्कृतिक गन्तव्यहरूको प्रवर्द्धन, सीमान्तकृत क्षेत्रलाई समेट्ने

पर्यटन विकास मोडल, पर्यटक मैत्री पूर्वाधार विस्तार तथा सीमा पार पर्यटन करिडोर स्थापना गर्न सकिने सम्भाव्यता लगायतका विषयमा प्रस्तुति, सुदूरपश्चिमको सन्दर्भमा केन्द्रित छलफल भएको छ।

- मा. मन्त्रीज्यूहरूले सम्बन्धित क्षेत्रहरूमा नेपालसँग ज्ञान अनुभव साझेदारी, तालीम तथा अध्ययन भ्रमण आदान–प्रदान, नीतिगत संवादको निरन्तरता तथा प्रादेशिक तहमा औपचारिक संयन्त्रमार्फत सहकार्य गर्न सकिने इच्छा व्यक्त गर्नु भएको छ।

**७. उत्तर प्रदेशका मुख्यमन्त्री माननीय योगी आदित्य नाथज्यूसँग भेटवार्ता (लखनऊ)**

- सीमा क्षेत्रको सडक सुधार, लागू औषध नियन्त्रण, धार्मिक पर्यटन मार्गको प्रवर्द्धनबारे गहन संवाद र छलफल भयो।
- कैलाली (खकरौला–टिकुनिया) र कञ्चनपुर (बेलौरी–खजुरिया) बाटो स्तरोन्नति सम्बन्धी आग्रह।
- भ्रमण दलको तर्फबाट उत्तर प्रदेशका नागरिकलाई सुदूरपश्चिमको पर्यटकीय आकर्षणमा आकर्षित गर्ने उपाय बारे प्रस्तुति गरिएको थियो।
- योगी आदित्य नाथले नेपालको सम्बन्धलाई ‘‘दुई शरीर, एक आत्मा’’ भन्ने अभिव्यक्ति दिँदै सहयोग विस्तारको विश्वास दिलाउनु भएको

**८. 'कमान्ड डेस्क' र उत्तर प्रदेश विधानसभा अवलोकन र जानकारी आदान प्रदान**

- उत्तर प्रदेश राज्यका मा. मुख्यमन्त्रीज्यूले सञ्चालन गरेको एकीकृत अनुगमन प्रणाली ‘कमान्ड डेस्क’ अवलोकन गरियो।
- सार्वजनिक गुनासोहरूको समायोजन, नीति कार्यान्वयन निगरानी र डिजिटल गभर्नेन्सको अभ्यासबारे अध्ययन।
- उत्तर प्रदेश विधानसभा पूर्ण रूपमा पेपरलेस भएको विषयमा प्रस्तुतीकरण सहभागी, छलफल र जानकारी आदान प्रदान गरिएको थियो।

**९. Confederation of Indian Industry (CII), नयाँ दिल्ली र Chamber of Commerce and Industry (PHDCCI), लखनऊसँग बैठक सम्पन्न**

- भारतका व्यापार, उद्योग, लगानी र नीतिगत संवादमा विभिन्न सरोकारवाला निकायहरू बीच सेतुको काम गर्ने प्रतिष्ठित उद्योग वाणिज्य संस्थाहरूको संस्था भारतीय उद्योग परिसंघ (Confederation of Indian Industry -CII), नयाँ दिल्ली र PHD Chamber of Commerce and Industry (PHDCCI), लखनऊका प्रतिनिधिहरूले भारतको व्यापारिक क्षेत्रले नेपाल विशेषगरी सुदूरपश्चिम प्रदेश प्रति बढ्दो चासो राखिरहेको जानकारी गराउँदै, आपसी व्यापार, पूर्वाधार लगानी र उद्यमशीलता प्रवर्द्धनका क्षेत्रमा सहकार्यको सम्भावना औंल्याए।
- सुदूरपश्चिमको ऊर्जा, जलस्रोत, कृषि–आधारित उद्योग, पर्यटन तथा सेवा क्षेत्रमा लगानीको अवसरबारे प्रस्ट जानकारी गराउँदै, प्रदेश सरकारले लगानीमैत्री वातावरण निर्माणमा लिएको पहलबारे नेपाली पक्षले प्रस्तुति दियो।
- उद्योगी–व्यवसायी तथा संस्थागत लगानीकर्ताहरूसँग द्विपक्षीय सम्बन्ध विस्तार गर्ने व्यापार प्रतिनिधिमण्डल आदान–प्रदान, लगानी सम्मेलनमा सहभागिता र नेपाल–भारत प्रादेशिक व्यावसायिक सम्मेलन आयोजना गर्न सकिने प्रस्तावमा सकारात्मक छलफल भयो।
- लगानी सुरक्षासम्बन्धी कानुनी ढाँचा, एकद्वार प्रणाली, आवश्यक पूर्वाधारको विकासमा प्रदेश सरकारले खेल्न खोजेको भूमिकाबारे जानकारी दिइयो, जसले आगामी दिनमा औपचारिक सहकार्यलाई गति दिन सक्ने देखिएको छ।

## १०. अन्य क्रियाकलाप तथा अवलोकन:

- मा. मुख्यमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलले भ्रमणका अवसरमा भारतको राष्ट्रिय स्मृति स्थल राजघाट पुगेर राष्ट्रपिता महात्मा गान्धीप्रति श्रद्धाञ्जली अर्पण गऱ्यो। त्यस्तै, भारतीय लोकतन्त्रको विकास यात्रालाई चित्रण गर्ने प्रधानमन्त्री संग्रहालयको अवलोकनमार्फत प्रतिनिधिमण्डलले संघीय शासनको अभ्यास, भारतका प्रधानमन्त्रीहरूको योगदान र संघीय शासनमा उनीहरूको दृष्टिकोण तथा लोकतान्त्रिक उत्तरदायित्वबारे जानकारी प्राप्त गऱ्यो। यही सिलसिलामा प्रतिनिधिमण्डलले नयाँ दिल्लीमा सञ्चालनमा रहेको Delhi Metro को यात्रा गरी भीड व्यवस्थापन, समय पालन, पहुँच, सुरक्षासम्बन्धी प्रविधि तथा शहरी सार्वजनिक यातायातको स्वरूपबारे नजिकबाट बुझ्ने अवसर प्राप्त भयो। साथै दिल्ली, उत्तराखण्ड तथा लखनऊ स्थित विभिन्न शहरी पूर्वाधार, प्रशासनिक संयन्त्र लगायतका अभ्यास अवलोकनबाट शहरी प्रशासन, डिजिटल गभर्नेन्स र जनउत्तरदायी सेवा प्रणालीबारे

जानकारी लिइयो। यी सम्पूर्ण अवलोकनहरूले प्रतिनिधिमण्डललाई विकास, नेतृत्व र सुशासनका विभिन्न आयाममा वृहत् जानकारी प्राप्त गर्ने अवसर प्रदान गरे।

**भ्रमणको सन्देश**

सुदूरपश्चिम प्रदेश सरकारका मा. मुख्यमन्त्रीज्यूको नेतृत्वमा सम्पन्न यस ऐतिहासिक भ्रमणबाट नेपालको संघीय प्रणाली अन्तर्गत प्रदेश स्तरबाट कूटनीतिक संवाद, अन्तर सरकारी सहकार्य र जनस्तरको सम्बन्ध विस्तारको नवीनतम आयाम प्रारम्भ भएको छ। भारत सरकारको औपचारिक निमन्त्रणामा सम्पन्न यो भ्रमणले निम्न महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ—

- प्रदेश स्तरबाट पहिलो पटक भारत सरकार तथा प्रदेश सरकारका संयन्त्रहरूसँग बैठक र प्रत्यक्ष संवाद मार्फत औपचारिक अन्तरक्रिया र नीतिगत आदानप्रदानको परम्परा सुरु भयो।
- वन, कृषि, आध्यात्मिक तथा धार्मिक पर्यटन, ऊर्जा, पूर्वाधार, लगानी प्रवर्द्धन, स्मार्ट गभर्नेन्स, अप्रवासी नेपालीको हित प्रवर्धन, शिक्षा, युवा आदानप्रदान, विपद् व्यवस्थापन लगायतका क्षेत्रमा सहकार्यको सम्भाव्यता पहिचान गरियो।
- भारतका विभिन्न क्षेत्रमा ख्याति हासिल गरेका निकाय, प्रदेश मन्त्रीज्यूहरू, उद्योग परिसंघ (CII, PHD-CCI) लगायतसँग भएको प्रत्यक्ष अन्तरक्रियाले सुदूरपश्चिमलाई भारतसँग संस्थागत समन्वय र सहकार्यमा लैजाने स्पष्ट ढोका खोली दिएको छ।
- सीमावर्ती प्रदेशहरूको साझा सरोकार र अवसरहरूलाई प्रदेश कूटनीतिको माध्यमबाट सकारात्मक दिशामा लैजाने सम्भावना बलियो बनाइएको छ।
- नेतृत्वस्तरमा प्रत्यक्ष अवलोकन, अनुभव आदानप्रदान र आत्म-मूल्याङ्कनले सुदूरपश्चिमको विकास र सुशासन यात्रालाई थप ऊर्जा दिएको छ।

नेपालको सङ्घीय लोकतान्त्रिक संरचनामा प्रदेशस्तरको प्रतिनिधिमण्डललाई भारत सरकारले पहिलो पटक दिएको औपचारिक निमन्त्रणाले द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थपेको छ। यसले केवल दुई देश बीचको सम्बन्धलाई मात्रै होइन, प्रदेशस्तरमा आधारित "sub-national diplomacy" को अभ्यासलाई पनि संस्थागत रुपमा प्रारम्भ गरी दिएको आभास दुवै मुलुकतर्फ भएको छ।

सुदूरपश्चिम प्रदेशको भौगोलिक, आर्थिक र सामाजिक बनोटका कारण भारतको उत्तराखण्ड र उत्तर प्रदेशसँग प्रत्यक्ष सम्बन्ध रहँदै आएको सन्दर्भमा, यो भ्रमणले ती सम्बन्धहरूलाई औपचारिक र संस्थागत रुपमा

अगाडि बढाउन  मद्दत गरेको छ। विशेषतः सीमावर्ती क्षेत्रका साझा चुनौतीहरू — पूर्वाधार, आप्रवासन, सुरक्षा लगायत अन्य अवसरहरूको पहिचान गरी समन्वित प्रयासको ढोका खोलेको छ।

नेपालमा लगानी गर्न चाहने भारतीय कम्पनीहरूसँगको प्रारम्भिक संवाद र भारत सरकारको सकारात्मक सङ्केतले सुदूरपश्चिममा विभिन्न लगानीका क्षेत्रहरूमा लगानी भित्र्याउने आधार तयार गरेको छ। धार्मिक पर्यटन र संस्कृतिको संरक्षणमा समेत साझा पहल आवश्यक रहेको यथार्थ पनि उजागर भएको छ।

यस भ्रमणले सीमा पार सहकार्यका सम्भावनालाई मात्रै होइन, नेपालका सबै प्रदेशहरूले सीमा जोडिएका भारतीय प्रदेशहरूसँग समन्वयकारी मोडल विकास गर्न सक्ने बाटो देखाएको छ। यसबाट प्राप्त सिकाइहरू अन्य प्रदेशका लागि मार्गदर्शक बन्न सक्ने समेत देखिएको छ।

अबको प्राथमिकता यो भ्रमण र भेटवार्ताहरूबाट आर्जित विश्वास र देखिएका सम्भावनाहरूलाई ऐतिहासिक, सामाजिक, सांस्कृतिक र दुई देशको जनस्तर सम्बन्धलाई अझ प्रगाढ बनाउदै  कार्यान्वयन योजनामा   रूपान्तरण गर्दै मुलुकको परराष्ट्र नीति अनुरुप दुवै देशका प्रदेशहरू बीच समन्वय, प्रविधि स्थानान्तरण र लगानी साझेदारीको कार्ययोजना निर्माण गर्नु हो।